तिरहुत गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

गोइठी, सप्तरी

## औषधी उपकरण तथा सर्जिकल समान खरिद सम्वन्धि सिलवन्दी दरभाउपत्र आहवानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/११/०७

यस कार्यालयको चालु आ.व २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार, यस गाउँपालिका "अन्तरगतका स्वास्थ्य संस्थाहरुबाट निशुल्क रुपमा वितरण गरिने औषधिहरु, विदुतिय दरभाउपत्रको माध्यमवाट खरिदगर्नुपर्ने भएकोले इच्छुक र योग्य फर्महरुले तपसिलमा उल्लेखित शर्त बमोजिम विधुतिय दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

१.दरभाउपत्र दस्तुर वापतको रकम यस कार्यालयको नाममा रहेको एन. आई सि. बैंक तिरहुत शाखा स्थित राजश्व शाखाको खाता न २३३२०५००२९५०९००२मा रु १०००( एक हजारपछि फिर्ता नहुने गरीदाखिला गरी सोको भौचर पेश गरिएको हुनु पर्नेछ ।

२, दरभाउपत्र खरिद कर्ताले कम्पनी/फर्म दर्ता प्रमाण पत्र,बिक्री इजाजत पत्र,मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र,आ.व. २०७९/८० को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि पेशा गर्नु पर्नेछ ।

३.विधुतिय दरभाउपत्र दर्ता वापत सूचनामा तोकिए बमोजिमको, जमानत, रकम यस कार्यालयको एन आई सी एशिया बैंक शाखा कार्यालय तिरहुत ससरीमा रहेको धरौटी खाता नं. N३CA०००७३६४५२४०६ मा नगद जम्मा गरेको भौचर वा दरभाउपत्र खोलिने मितिले कम्तीमा ७५ (पचहत्र) दिनको मान्य अवधि रहने स्वीकृत प्रासक वर्गको वाणिज्यबैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।

४. दरभाउपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको,प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नवाझिएको,खरिद कारवाहीमा भागलिन अयोग्य नभएको र व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भनी.लिखित, स्वघोषणा पत्र पेश गर्नु पर्नेछ ।

५, दरभाउपत्र आव्हान सम्वन्धी सूचना प्रकाशन गरिएको मितिको "१६(सोहौ दिनको१२:००बजे भित्र वियुतिय, माध्यमबाट दरभाउपत्र पेश गर्नु पर्नेछ ।

६,तोकिएको- समय भित्र रित पूर्वक दर्ता हुन आएका विघुतिय दरभाउपत्रहरु सोही दिनको १४:०० वजे देखि, दरभाउपत्रताका प्रतिनिधिहरु कोरोहवरमा वा प्रतिनिधि उपस्थित नभएपनि यस कार्यालयमा खोलिनेछ।

७ दरभाउपत्र विघुतिय माध्यमवाट पेश गर्ने अन्तिम दिन,विदा- परेमा" विदा पछि लगतै कार्यालय खुलेको दिन सूचनामा तोकिएको समयभित्र विघुतिय दरभाउपत्र पेश गर्न सकिनेछ ।

८, औपधिहरु खरिद गर्दा WHO/GMP certified company बाट उत्पादित औपधि मात्र आपूर्ति गर्नुपर्नेछ।

९,आपूर्ति हुने औपधिहरुको expiry Date स्टोर दाखिला हुने आएको कम्तीमा २४ महिना बाँकी हुनु पर्नेछ। तर,कुनै औपधिको expiry Date२४ महिना भन्दा कम हुने अवस्थामा कूल expiry Dateको ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ ।

१०आपूर्ति हुने औपधिहरुको प्रत्येक strip/labeling/paking को वाहिर उत्पादन मिति, expiry Date ,bach No.उत्पादक कम्पनीको नाम र नेपाल सरकारद्वारा निशुल्क वितरणको लागि भन्ने वाक्यांस उल्लेख भएको हुनु पर्नेछ ।

११.धुलो र झोल औपधि, वाहेकका औपधिहरु strip मा मात्र आपूर्ति गर्नु पर्नेछ। वोतल र. टयुवमा आपूर्ति हुने सबै औषधिहरु सिलबन्दी हुनुपर्नेछ।

१२,कार्यालय सम्म औषधि ढुवानी बापत लाग्ने खर्च र कुनै प्रकारका करहरु दरभाउपत्र दाताले नै व्यहोर्नु पर्नेछ ।

१३, दरभाउपत्र दाताले उपलब्ध गराउने" औषधि स्वदेशी -उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित: दरभाउपत्र प्रयोजनको: लागि जारी गरिएको सकल आधिकारिक पत्र (Authorization Letter) विदेशी उत्पादन नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक ऐजेन्टबाट लिएको सक्लै आधिकारिक पत्र र औषधि व्यवस्था विभागको पैठारी, सिफारिस, पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

१४ दरभाउपत्र पेश गर्दा मूल्य अभिवृधिकर समेतको मूल्य समावेश गरी पेश गर्नु पर्नेछ ।

१५.यो सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिदऐन,२०६३ र नियमावदी,२०६४ बमोजिम हुनेछ।

१६अन्य आवश्यक कुराहरु जानकारी लिनु परेमा सम्पर्क नं ९८०४३५६३४३ मा सम्पर्क राख्न सकिनेछ.

तपशिल

| सि.न. | ठेका न. | विवरण | लागत अनुमान रकम मु.अ.कर बाहेक | जमानत रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| | TRHRM/ SAP/SCB/G/- 03/080/81 | औषधी खरिद गरी सप्लाई गर्ने कार्य | ४७५८३७६।२० | १२००००.०० | |

प्रमुख प्रशासकिय अधिकृत

CamScanner